# जिल्ला विकास समितिको कार्यालय, नवलपरासी

८९. **नगद दाखिला** – ढुङ्गा, गिट्टी र बालुवा निकासी रकम पटक पटक कर्मचारी खटाई अमानतबाट उठाएको भनी पेश भएका ८५ ठेली नगदी रसिदबाट रु.९ लाख ४६ हजार असुल गरेकोमध्ये दाखिला नगरेको रु.३६ हजार अविलम्ब दाखिला गर्नुपर्दछ ।

९०. **धरौटी जफत** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ८८(१) अनुसार तोकिएको काम पुरा नगरेको अवस्थामा धरौटी रकम जफत गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले तोकिएको समयभित्र ठेक्का सम्झौता गर्न नआउने २ ठेकेदारको धरौटी रु.८५ हजार जफत गरेको छैन ।

९१. **मालपोत असुली** – यो वर्ष विभिन्न गाउं विकास समितिका सचिवले ८८७ थान मालपोत नगदी रसिद ठेली बुझेको देखियो । तर व्यवस्थित र गाउं विकास समितिगत रुपमा नगदी रसिद नियन्त्रण खाता छैन । उक्त नगदी रसिद ठेलीमध्ये ९ गाउं विकास समितिले बुझेको १७२ थान ठेलीको आम्दानी देखाएको छैन । कार्यालयले व्यवस्थित रुपमा नगदी रसिद नियन्त्रण खाता राखी आम्दानी नदेखाउने पदाधिकारी उपर कारबाही गर्नुपर्ने देखिन्छ ।

९२. **जिन्सी**

९२.१. स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम १११(१) अनुसार जिन्सीको व्यवस्थित अभिलेख राख्नुपर्नेमा ग्याँस सिलिण्डर १, ग्याँस चुल्हो १, मिनी ड्राफ्ट १०, पेन ड्राइभ ३ लगायतका सामान खर्च भएर जाने खातामा राखी खर्चको प्रमाण नै नराखी जिन्सी मौज्दात घटाएको छ । यो वर्ष प्राप्त रु.८२ हजारको ४० बण्डल काँडेतारमध्ये रु.७० हजार मूल्य बराबरको ३४ बण्डल प्रमाण बेगर खर्च लेखेको छ ।

९२.२. खातामा मौज्दात देखिएका अल्टिमिटर ३, एब्नी लेबल ३, कुलर ३, पर्सनल कम्प्युटर १, ओभरहेड प्रोजेक्टर १ र मोवाइल सेट १ लगायतका सामानहरु जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख नभएकोले उक्त सामानहरुका सम्बन्धमा छानबिन गरी आवश्यक कारबाही गर्नुपर्दछ ।

९३. **नापी किताव** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ५१ अनुसूची ११४ बमोजिम उपभोक्ता समितिबाट भए गरेका कामको नापी किताव राख्नुपर्नेमा यो वर्ष उपभोक्ता समिति मार्फत सडक ग्राभेल तथा अन्य निर्माण कार्य गराई नापी किताव बेगर रु.२६ लाख ८२ हजार खर्च गरेको छ ।

९४. **गाउं वातावरणीय विकास कोष** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २२७ एवं स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम १३४.१(ग) अनुसार जिल्ला विकास समितिको आय व्ययको विवरण छुट्टा छुट्टै देखिने गरी स्रेस्ता राख्नुपर्ने एवं त्यसरी राखिएको स्रेस्ता ऐनको दफा २३२(२) अनुसार लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । जिल्लाका ५ गाउं विकास समितिमा गाउं वातावरणीय विकास कार्यक्रम लागू भएको र सो कोषको लागि जिल्ला विकास समितिबाट गत वर्षको मौज्दात रु.१४ लाख ३५ हजार समेत रु.२० लाख ३४ हजार गाउं विकास समितिलाई अनुदान खर्च लेखेको छ । सोको लेखापरीक्षण गराएको छैन ।